# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही, मधेश प्रदेश, नेपाल

**रोजगार सहायक पदको पदपूर्ति गर्ने सम्बन्धी सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति : २०७९/०४/१०)**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम, सिंहदरबार, काठमाडौंको मिति २०७९/०३/२५ गतेको गोरखापत्रमा प्रकाशित सूचना अनुसार यस लालबन्दी नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि रोजगार सहायक १ (एक) पद खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित यस नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखामा तोकिएको दस्तुर बुझाएको नगदी रसिद सहित दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/०७९/०८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाचौं तह सरह | १ | |

**१.आवश्यक न्यूनतम योग्यता र अनुभव :-**

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरेको ।

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

ग. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

२. **दरखास्त दिने स्थान** :- लालबन्दी नगर कार्यपालिकाको कार्यालय, लालबन्दी, सर्लाही ।

३. **दरखास्त दिने अन्तिम मिति** :- २०७९/०४/२४ (अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।)

४. **आवेदनको दस्तुर** :- रु.५००/– (पाँच सय मात्र)

५. **छनौटको किसिम** :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।

६. **आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु** :- आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु :

क) नागरिकता

ख) न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र

ग) चारित्रिक प्रमाण पत्र

घ) कामसँग सम्बन्धित अनुभव भए सोको कागजात

ङ) तालिमको प्रमाणपत्र

च) २ प्रति पासपोर्ट आकारको फोटो

७. **सेवा सुविधा तथा अन्य** :- स्थानीय तहमा प्राविधिक सहायक र रोगजार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुने छ ।

८. आवेदनको ढाँचा र रोजगार सहायक पदको काठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी https://www.facebook.com/lalbandimun, www.lalbandimun.gov.np, www.pmep.gov.np मा उपलब्ध छ । थप जानकारीको लागि ९८४४०४४७८५ मा सम्पर्क गर्न सकिनेछ ।

बासुदेव तिमल्सिना
प्रमुख प्रशासकीय अधिकृत